बैठक संख्या -८ (आठ)

आज मिति २०८२ साल माघ १४ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

**छलफलका विषयहरुः**

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. प्रदेश समपुरक र विशेष अनुदानका आयोजना सिफारिस सम्बन्धमा ।
३. सडक बोर्ड नेपालको योजना छनौट सम्वन्धमा ।
४. सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) को चौथो चरण कार्यक्रमलाई सामाजिक विकास समिति अन्तर्गत राख्ने सम्बन्धमा ।
५. रामेछाप अस्पताललाई अनुदान सहयोग सम्बन्धमा ।

..............................
(लवश्री न्यौपाने)
प्रमुख

CamScanner

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिकामा आगामी आ.ब.०८३/८४ का लागि बागमती प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान तथा बिशेष अनुदान तर्फ देहायका आयोजनाहरु सञ्चालन हुनेगरी आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

समपुरक अनुदान तर्फः

१. भेटेरीनरी-लामागाउँ-वादी-विर्ता सडक स्तरोन्नती
२. वडा कार्यालय-थुम्का-मुडाजोर-धनेघाट सडक, वडा नं.७
३. काभ्रे-रामपुर-बसन्तपुर-चुकियाघाट-कोलञ्जोरघाट सडक, वडा नं.५
४. मानेडाँडा-सिमन्ती-राताटार-हर्दिनी-मरिनघाट सडक स्तरोन्तती, वडा नं.९
५. साउने-बोलङवोलङ-बरबोट सडक स्तरोन्नती, वडा नं.४

विशेष अनुदान तर्फः

१. चायखर्क (विसौली) खोला लिफ्ट खा.पा., वडा नं.६
२. घट्टेखोला खानेपानी, वडा नं.७

निर्णय नं. ३

सडक बोर्ड नियमावली, २०६० को परिच्छेद-३ को नियम ९ तथा उल्लेखित मार्गदर्शन बमोजिम बेहोर्नु पर्ने साझेदारी रकम समेतको व्यवस्था गरी सडक बोर्ड नेपालबाट मिति २०८२/०९/०४ गतेको निर्णयानुसार स्थानीय सडक मर्मत सम्भार कार्यका लागि प्राप्त रु.२२,००,००० अक्षरेपी बाईस लाख र यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रमको क्र.सं. ५९८ को सडकवोर्ड साझेदारी कार्यक्रमहरुमा विनियोजित रु.९,४२,८६०।- समेतबाट साझेदारी रुपमा देहाय बमोजिमका सडकहरु मर्मत सम्भार गरी सञ्चालन गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत गरी सडक बोर्ड नेपालमा सहमतीका लागि पेश गर्ने निर्णय गरियो।

| सि.नं. | आयोजनाको नाम | सडकबोर्डबाट (७० %) रु. | नगरपालिकाबाट (३० %) रु. | जम्मा लागत रु. |
|---|---|---|---|---|
| १ | भिमेश्वर आ.वि ल्याङल्याङबाट भिमसेनस्थान मन्दिर सम्म सडक स्तरोन्नती | ११,००,०००।- | ४,७१,४३०।- | १५,७१,४३०।- |
| २ | च्यास्कु-सिमलभञ्ज्याङ सडक स्तरोन्नती | ११,००,०००।- | ४,७१,४३०।- | १५,७१,४३०।- |

निर्णय नं.४

रामेछाप नगरपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम कार्यान्वयन समितिको मिति २०८२/१०/०६ गतेको बैठकको निर्णयानुसार सुरक्षित आप्रवासन कार्यक्रम यस नगरपालिकाको सामाजिक विकास समिति मातहतमा मातहतमा सञ्चालन गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.५

रामेछाप अस्पताल, रामेछापको सेवा प्रवाहमा गुणस्तरीयता र सुदृढीकरणका सन्दर्भमा अस्पतालबाट मिति २०८२/०९/१४ मा विशेषज्ञ चिकित्सकको लागि प्रोत्साहन भत्ता माग भई आएकोमा यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार क.सं. १६४ र १६५ मा सौघुटार र अन्य अस्पताल सुदृढीकरण कार्यक्रममा विनियोजित रकम मध्येबाट प्रचलित ऐन नियम बमोजिम खर्च गर्ने गरी एकमुष्ट रु.१२,००,०००।- (बाह्र लाख) रकम उपलब्ध गराउने र उक्त रकम खर्चको प्रगति विवरण यस कार्यालयमा पठाउन रामेछाप अस्पताललाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.६

च्यास्कु-खानीडाँडा-कोलञ्जोरघाट सडक स्तरोन्नतीका क्रममा यस नगरपालिका वडा नं. ५ का टुकुनी तामाङको घर हटाउनु पर्ने भनि वडा कार्यालय मार्फत माग भई आएको र निजको बसोबासको लागि अन्य घर नभएकोले उक्त घर हटाई निजको अस्याई बसोवास व्यवस्थापनका लागि सोही ठेक्काको क्रन्टिजेन्सीबाट प्राप्त हुने रकमबाट बेहोर्ने गरी रु.५५,०००।- (पचपन्न हजार मात्र) अस्थायी बसोबास व्यवस्थापनका लागि खर्च दिने निर्णय गरियो।

निर्णय नं.७

आठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८२ को तयारीको क्रममा श्री शितलादेवी माध्यमिक विद्यालय, रा.न.पा.२ का छात्र टिकाराम श्रेष्ठको हात भाँचिई राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा लागेको खर्चको विल अनुसारको रकम रु.६४,५५३।- (अक्षेरपी चौसट्ठी हजार पाँच सय पचपन्न) आ.व.०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि विनियोजित बजेटबाट विद्यालयको नाममा भुक्तानी दिने साथै आगामी प्रतियोगितामा सबै खेलाडी विद्यार्थीहरुको खेल अवधि भरको बीमा गर्ने निर्णय गरियो।

निर्णय नं.८

रामेछाप नगरपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार देहायको योजना तथा कार्यक्रमहरुको शीर्षक संशोधनका लागि वडा समितिको निर्णय एवं वडाबाट सिफारिस भई आएकोले शीर्षक संशोधन तथा रकमान्तर गरी नगरसभाको १९ औं अधिवेशन बैठकबाट अनुमोदन गर्ने गरी कार्यान्वयन निर्णय गरियो ।

| क.सं | वडा नं. | शीर्षक नाम | विनियोजित बजेट रु. | संशोधित शीर्षक | बजेट रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५ | सवारी साधन मर्मत खर्च | १,००,०००।- | जनता मा.वि. सरस्वती मन्दिर निर्माण साझेदारी थप | १,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | इन्धन | १,०५,०००।- | कञ्चन खानेपानी सडक निर्माण | ५५,०००।- |
| | | | | बसन्तपुर पाईप वितरण | ५००००।- |
| ३ | ७ | निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम | २,४५०००।- | वडा कार्यालय सडक स्तरोन्नती | ४०,०००।- |
| | | | | निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम | २,०५,०००।- |

निर्णय नं.९

रामेछाप नगरपालिका ७ नं. वडा स्थित हिलेपानीमा रहेको पुरानो पञ्चायत भवन, साविकको गा.वि.स. भवन र महिला सञ्जालका जिर्ण भवनहरु हटाउनका लागि मिति २०८२/०९/०६ गतेको नगर कार्यपालिका बैठकबाट अनुमति दिईएकोमा पुनः ७ नं वडा कार्यालयको मिति २०८२/०९/२२ मा च.नं.४९५ को पत्रबाट खर्च व्यवस्थापनका लागि अनुरोध भई आएकोले त्यसको व्यवस्थापनको क्रममा लागेको प्राविधिक लागत अनुमान बमोजिमको खर्च विभिन्न आयोजनाको कन्टिजेन्सी रकमबाट बेहोर्ने गरी भुक्तानी गर्ने र उल्लेखित भवन संरचनाका झ्याल ढोका लगायतका काठपात, जस्तापाता र अन्य सामग्रीहरुको लगत समेत सुरक्षित राख्न ७ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

.............................
भोलाप्रसाद चापागाईं
प्रमख प्रशासकीय अधिकृत

.............................
लवश्री न्यौपाने
प्रमुख